बैठक नं. :- १६

मितिः २०७५/०२/०५ गते।

समयः १०:०० बजे बिहान

स्थान : बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय ,बाँफिकोट रुकुम (पश्चिम)

आज मिति २०७५/०२/०५ गतेका दिन बाँफिकोट गाउँपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्युको अध्यक्षतामा बाँफिकोट गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाको बैठक बसी तपशीलको उपस्थितिमा तपशीलका प्रस्ताव माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

## तपशील

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री धर्मबहादुर के.सी. | :- | अध्यक्ष, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनकला पुन, | :- | उपाध्यक्ष, बाँफिकोट गाउँ कार्यपालिका,रुकुम(पश्चिम) |
| श्री हर्कु मल्ल | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री धनबहादुर खत्री | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम) |
| श्री चन्द्रबहादुर के.सी. | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम) |
| श्री लिलाराम बि.क. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री कस्तुप प्रकाश दाहाल | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनोजकुमार अधिकारी | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री नरबहादुर खत्री | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनबहादुर के.सी. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री कबिराम के.सी., | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री अर्जुन चन्द, | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री झरना शाही, | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री जनकुमारी खत्री, | :- | सदस्य, बाँफिकोट गाउँ कार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री तारा बुढा के.सी. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री सिता खडका के.सी. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री शेरु विश्वकर्मा | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनबहादुर बादी | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री लोकबहादुर कुसारी | :- | सदस्य सचिव, बाँफिकोट गाउँकार्यपालिका, रुकुम(पश्चिम) |

विशेष उपस्थिति :-

श्री इन्दिरा बि.एम :- उपप्रमुख, जिसस, रुकुम (पश्चिम)

बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट, रुकुम (पश्चिम) नेपाल २०७३

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरू :**

१)शिक्षा क्षेत्रको व्यवस्थापन सम्बन्धमा ।

२) शाखा व्यवस्थापन सम्बन्धमा ।

३) योजना/आयोजनाहरुको अन्तिम भुक्तानी सम्बन्धमा ।

४) बजेट रकमान्तर सम्बन्धमा ।

५) आ.व.०७५/०७६ को योजना तर्जुमा गोष्ठी सम्बन्धमा ।

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु : -

**निर्णय नं. १(क)** :- प्रस्ताव नं.१ को बिषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाका विद्यमान विद्यालयहरुको तपशील बमोजिम कक्षा अनुसारको शिक्षक र तलबमान कायम गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशील :

| तहहरु | दरवन्दी | कैफियत |
|---|---|---|
| कक्षा १ देखि कक्षा ३ | ३ | बालविकाससहित |
| कक्षा १ देखि कक्षा ५ | ५ | गापाबाट अनुमति पाएकाहरुको बालविकाससहित |
| कक्षा १ देखि कक्षा ८ | ५+४ | कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालितको हकमा ५ कक्षा सम्मको लागि साविगको कायम राखि कक्षा ६ देखि ८ सम्म विषयगत ३ र कम्प्युटर १ |
| कक्षा ९ देखि कक्षा १० | ३ | गणित, विज्ञान र अंग्रेजी का लागि |

**तलबमान** :-

| तहहरु | तलब स्केल | कैफियत |
|---|---|---|
| बालविकास | १०,०००।- | |
| कक्षा १ देखि ५सम्मका शिक्षकलाई | १५,०००।- | |
| कक्षा ६ देखि ८ सम्मका शिक्षकलाई | १८,०००।- | |
| कक्षा ९ देखि १० सम्मका शिक्षकलाई | २३,०००।- | |

**निर्णय नं. २(ख)** :- प्रस्ताव नं. १ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाका वडा नं. १० स्थित एकता आधारभुत विद्यालयको लागि भौगोलिक बिकटतालाई आधार मानि कक्षा ८ सम्म र वडा नं. ७ को नवज्योति

आविको विद्यार्थी संख्या पुगेकोले कक्षा ७ सम्म सञ्चालनको अनुमति दिने र कार्यान्वयनको जिम्मा गापा शिक्षा तथा खेलकुद शाखालाई निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २ :**-प्रस्ताव नं. २ को विषयमा व्यापक छलफल गर्दा गाउँकार्यपालिकाको विभिन्न शाखाहरुको व्यवस्थापन आजका मितिदेखि व्यवस्थापन गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ को विषयमा व्यापक छलफल गर्दा योजना तथा आयोजनाहरुको अनुगमन प्रतिबेदन र प्राविधिक मुल्याङ्कनका आधारमा भुक्तानी दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४ :**-प्रस्ताव नं. ४ को विषयमा व्यापक छलफल गर्दा बजेट रकमान्तरको विषयलाई विशेष गाउँसभा बोलाई अन्तिम टुङ्गो लगाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५ :**- प्रस्ताव नं. ५ को विषयमा व्यापक छलफल गर्दा आगामी आर्थिक वर्षका लागि वडा तथा बस्तीस्तरको योजना तर्जुमा गोष्ठी गर्न बिशेष गाउँसभा पछि कार्यतालिका बनाई जाने निर्णय गरियो ।

**निर्णय नं. ६ :**- प्रस्ताव नं. ६ को विविध विषयमा व्यापक छलफल गर्दा तपशील बमोजिम हुनेगरि निर्णय सर्बसम्मतिले पारित गरियो ।

*नोट १ :-यस गाउँपालिकाको कार्यलयमा महालेखा नियन्त्रकको कार्यलयबाट लेखापाल सरुवा भएआएकोले अब उपरान्त प्रमुख प्रशासकिय अधिकृत र लेखापालको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्ने ।*

*नोट २ :-वडा कार्यालय सञ्चालन खर्च मिति २०७४/१०/१४ गतेदेखि लागुहुनेगरि मासिक १०,०००/- दरले कार्यालय सञ्चालन खर्च भुक्तानी दिने भएकोमा संशोधन गर्दै २०७४ साउन १ गते देखि लागु हुनेगरि भुक्तानी दिने ।*

*नोट ३ :- एकल महिलाको अपुग रकम, उजुरी पेटीका र सुचना पाटीको रकम, राष्ट्रपति रनिङ सिल्डको व्याकुलोडरको खर्च रकम गाउँपालिकाको समपुरक कोषबाट नियमानुसार भुक्तानी दिने ।*

*नोट ४ :- फर्निचर तथा फिचर्स, सर्जिकल सामान लगायतको स्वाथ्यतर्फको रकम गाउँसभाद्धारा स्वीकृत भएको बजेटको परिधिभित्र रही नियमानुसार भुक्तानी दिने र कामको जिम्मावारी स्वास्थ्य तथा सरसफाई कार्यालयलाई दिने ।*

*नोट ५ :- गाउँकार्यपालिकाको कार्यालयका लागि आवश्यक घरभाडाको करार म्याद २०७४ चैत्र मसान्त सम्म समाप्त भएकाले २०७५ असार मसान्त सम्म थप गर्ने ।*

*नोट ६ :-राहत उपलब्ध गराइपाउँ भनी यस गाउँकार्यपालिकाको कार्यालयमा प्राप्त हुन आएको निवेदन माथि छलफल गर्दा यस अघिको कार्यपालिकाको वैठकको निर्णयलाई मापदण्ड मानि भुक्तानी दिने ।*

*राहतको विवरण :*

| क्र.सं. | नामथर | घटना प्रकृति | राहत रकम | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्द्रकला दमाई | मृगौला रोगी | ८,०००/- | ४ | |

*नोट ७ :- आव २०७४/०७५ को योजना तथा बजेट समिक्षा, बजेट रकमान्तर र आगामी ०७५/०७६ को योजना, बजेट, नीति तथा कार्यक्रम तयारीको लागि मिति २०७५/०२/१८ गते विशेष गाउँसभाको आव्हान गर्ने ।*

चौकिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौकिकोट, रुकुम (पश्चिम) नेपाल २०७३

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति: २०७५/२/१५